"गुणस्तरीय, आर्थिक, भौतिक, सामाजिक पूर्वाधार विकासको माध्यमद्वारा समृद्ध रिब्दीकोट"

## नवौं गाउँसभामा २०७८ साल असार ९ गते बुधबार गाउँपालिका अध्यक्ष श्री नारायण बहादुर जि.सी.ले प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०७८/०७९ को
# नीति तथा कार्यक्रम

## रिब्दीकोट गाउँपालिका

### खस्यौली, पाल्पा
### लुम्बिनी प्रदेश, नेपाल
### २०७८

**उपाध्यक्षज्यू, गाउँसभा सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु र उपस्थित पत्रकार महानुभावहरु**

विश्वव्यापी रुपमा देखा परेको कोरोना भाइरस (कोभिड१९) को दोश्रो लहरको महामारीसँग जुधिरहेको यो विषम परिस्थितिमा स्थानीय सरकार प्रमुखको रुपमा आ.व. ०७८।०७९ को नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न गइरहेको छु ।

सर्वप्रथम यस महत्वपूर्ण घडीमा देशको आमुल परिवर्तनका लागि विभिन्न कालखण्डमा भएका आन्दोलनका क्रममा जीवन उत्सर्ग गर्नु हुने वीर सहिदहरुप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु । त्यसै गरी कोरोना संक्रमणका कारण देश तथा विदेशमा ज्यान गुमाउनु हुने सम्पूर्ण नेपालीहरुमा पनि श्रद्धान्जली अर्पण गर्दै संक्रमित सबैको शिघ्र स्वास्थ्य लाभको समेत कामना गर्दछु ।

साथै यस गाउँपालिकामा कोरोना भाइरसको संक्रमण रोकथाम, नियन्त्रण र व्यवस्थापनको अग्रभागमा अहोरात्र खट्नुहुने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी र प्रशासनिक कार्यमा संलग्न कर्मचारीहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहान्छु । यस महामारीको संक्रमण फैलन नदिन गाउँपालिकाले संचालन गरेको अभियानमा निरन्तर साथ दिनु हुने राजनीतिक दल, विभिन्न निजी तथा सार्वजनिक संघसंस्था, संचार क्षेत्र, राष्टसेवक कर्मचारी लगायत सम्पूर्ण रिब्दीकोटबासीप्रति हार्दिक आभार प्रकट गर्दछु । कोरोना रोकथाम एवं नियन्त्रण र उपचारका लागि गाउँपालिकाले स्थापना गरेको कोषमा योगदान पुऱ्याउनु हुने तथा स्वास्थ्य सामाग्री प्रदान गर्नुहुने सम्पूर्ण सुभेच्छुक संघसंस्था लगायत सम्पूर्णमा हार्दिक धन्यवाद दिन चाहान्छु । संक्रमण फैलन नदिन गरिएको निषेधाज्ञा लाई अनुशासित र संयमताका साथ पूर्ण पालना गरी सहयोग गर्नुहुने सम्पूर्ण रिब्दीकोट गाउँबासीप्रति कृतज्ञता व्यक्त गर्दछु ।

कोरोना भाइरसको महामारीले गर्दा सिंगो विश्व नै संकटमा फसेको अवस्थामा हामी पनि यो संकटबाट अछुतो छैनौं । संक्रमणको त्रास तथा कोरोना संक्रमण फैलन नदिन गरिएको निषेधाज्ञाका कारण गाउँपालिकाको समग्र विकास गतिविधिमा केहि प्रतकिुलता आएको छ भने दैनिक ज्यालादारी गरी जीवन निर्वाह गर्ने परिवारहरुको रोजीरोटी गुमेको छ । साना उद्यम व्यवसायीहरुको लगानी जोखिममा परेको छ । यो अवस्थासँग जुध्दै आफ्ना नागरिकको जीवन रक्षा गर्ने, संक्रमणबाट जोगाउने र पुनः पूर्ववत अवस्थामा फर्काउन आवश्यक योजना र कार्यक्रम तय गरी जनतामा विश्वास र भरोसा दिलाउने दायित्व र जिम्मेवारी हाम्रो काँधमा आएको छ ।

समस्याबाट अत्तालिने र विचलित हुने न त हाम्रो परिचय हो, न पहिचान नै । यो संकट र चुनौतीलाई सामना गर्दै भारत लगायत अन्य मुलुकबाट आफ्नो जन्मथलो सम्झी फर्किएका नागरिकहरुलाई स्वरोजगारी र विभिन्न अवसरहरु सिर्जना मार्फत गाउँमै टिकाउने, कृषि र पशुपालन क्षेत्रको विकास एवं विस्तार गर्ने र उद्यमशीलता विकास गरी समग्र रिब्दीकोटको आर्थिक विकासमा उपयोग गर्ने अवसर सृजना भएको छ । कोरोना विरुद्धको लडाइमा तपाइ हामी सबैको साझा एक्यबद्धता, सहकार्य, सहयोग र प्रयासबाट मात्रै सम्भव भएकोले यस महामारी विरुद्धको अभियानमा हातेमालो गर्न सबैलाई आह्वान गर्दछु ।

गाउँसभाका सदस्यज्यूहरु,

अब म आर्थिक बर्ष २०७८/७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभन्दा पहिले चालु आ.व. २०७७/७८ मा गाउँपालिकाबाट हालसम्म सम्पादन भएका मुख्य मुख्य कार्यहरु यस गरिमामय सभा समक्ष प्रस्तुत गर्दछु।

- **कोरोना रोकथाम तथा नियन्त्रण:**
    - खस्यौली प्राथमिक स्वास्थ्य केन्द्र नजिकै ५ वेडको अक्सिजन सुविधा सहितको कोभिड अस्पताल र देउराली स्वास्थ्य चौकीमा २० वेडको आइसोलेसन कक्ष स्थापना गरिएको छ। अस्पतालमा २९ वटा अक्सिजन सिलिन्डर, ४ वटा अक्सिजन कन्सनट्रेटर, PPE, MASK लगायतका आवश्यक स्वास्थ्य सामाग्रीहरु कमी नहुने गरी प्रबन्ध गरिएको छ। हालसम्म १९ जना कोरोना संक्रमितहरुले अस्पतालबाट सेवा लिइसकेका छन्। कोभिड १९ को अग्रभागमा खटिने स्वास्थ्यकर्मीहरुलाई तलबको १०० प्रतिशत प्रोत्साहान प्रदान गरिएको छ।
    - पालुङ मैनादी आयुर्वेद औषाधलय मार्फत ३ लाख बराबरको रोग प्रतिरोधी शक्ति विकास गर्ने आयुर्वेदिक औषधीहरु खरिद गरी कोरोना संक्रमित तथा कन्ट्रायाक्ट ट्रेसिङ्गमा परेका व्यक्तिहरुलाई वितरण गरिएको छ।
    - कोरोना संक्रमितलाई अस्पताल सम्म जानको लागी ३ वटा निशुल्क ऐम्बुलेन्स सेवा व्यवस्था गरिएको छ। एम्बुलेन्स चालकको स्वास्थ्य बिमा समेत गरिएको छ।
    - चालु आ.व. मा गाउँपालिकाबाट पाल्पा अस्पताल कोभिड ल्याबको लागि ८ लाख उपलब्ध गराइएको छ। उक्त ल्याब मार्फत ९०० जना रिब्दिकोटबासीको निशुल्क PCR परिक्षण गरिएको छ। त्यस्तै जुनसुकै समयमा पनि निशुल्क Antigen Test को व्यवस्था मिलाईएको छ।
    - १५० जना संक्रमितको घरघरमा स्वास्थ्यकर्मी पुगी अक्सिजनको मात्रा नाप्ने, औषधीहरु प्रदान गर्ने र स्वास्थ्य सम्बन्धी सुझाव सल्लाह दिने काम भएको छ।
    - माग बमोजिम स्वास्थ्य संस्था,वडा, पुलिस चौकी, पत्रकार महासंघ लगायत विभिन्न संघसंस्थालाई Mask, Sanitizer, PPE लगायतका स्वास्थ्य सामाग्री उपल्ब्ध गराइएको छ।
    - गाउँपालिकाभित्रका २८४ जनालाई कोरोना बिरुद्धको दुवै डोज कोभिडसिल्ड खोप, ६५ बर्ष माथिका ११०० जनालाई कोभिडसिल्डको पहिलो डोज र ६२ देखी ६४

बर्षसम्मका २०९ जनालाई भेरोसेल खोप लगाइ सकिएको छ। यसरी जम्मा १५९३ जनाले खोप सुविधा प्राप्त गरेका छन्।

- **स्वास्थ्य तर्फः**
    - खस्यौली प्राथमिक स्वास्थ्य केन्द्रलाई १० बेडको अस्पतालमा स्तरउन्नोती गर्न १० रोपनी जग्गा सहित स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा आवश्यक कागजात पेश गरिएको छ। अस्पतालको भवन निर्माणको लागि निशुल्क जग्गा प्रदान गर्नुहुने यस गाउँपालिका प्रवक्ता एवम् ३ नं. वडाका वडाध्यक्ष श्री बिष्णु प्रसाद खनाललाई हार्दिक धन्यवाद दिन चाहान्छु। खस्यौली अस्पताल, ख्याहा स्वास्थ्य चौकी, भैरवस्थान स्वास्थ्य चौकीको भवन निर्माणको लागि राष्ट्रिय पुननिर्माण प्राधिकरणबाट काम सुरुवात भएको छ।
    - ताल्तुङ पेलाचौर सामुदायीक स्वास्थ्य इकाइको भवन निर्माणको काम सम्पन्न भएको छ। धुस्टुङमा बर्थिङ सेन्टरको भवन निर्माण गरिएको छ। त्यस्तै पालुङ स्वास्थ्य चौकीमा ट्रस निर्माण र ल्याबका सामाग्री खरिद गरिएको छ। देउराली र फेक स्वास्थ्य चौकीमा बर्थिङ सेन्टर सञ्चालनमा ल्याइएको छ।
    - स्वास्थ्य तर्फका रिक्त स्वीकृत दरबन्दीमा करार सेवाको विज्ञापन गरी पदपुर्ति गरिएको छ। यसबाट सबै स्वास्थ्य संस्थामा पर्याप्त स्वास्थ्यकर्मीको उपलब्धता भएको छ। करार सेवामा कार्यरत कर्मचारीको मागबमोजिम उनीहरुलाई उत्प्रेरित गर्न र मनोबल बढाउन आठौं गाउँसभाबाट चालु आ.व. को माघदेखी लागु हुने गरी सबै कर्मचारीहरुलाई नेपाल सरकारले निर्धारण गरेको तलब भत्ता तथा सुविधा उपलब्ध गराइएको छ।
    - गाउँपालिकालाई चाहिने औषधि टेण्डर प्रकृयाको माध्यमबाट खरिद गरिएको छ। टेन्डर गर्दा १२ लाख लागत अनुमानको औषाधी ३ लाख ३८ हजारमा खरिद गरिएको थियो। बाँकी रकमबाट सोही दररेटमा सोही औषधीहरु खरिद गरिएको छ। हाल स्वास्थ्य संस्थामा पर्याप्त मात्रामा औषाधीहरु मौदाज्त छन्।
    - स्वास्थ्य सम्बन्धी स्टोर प्रणालीलाई पुर्णरुपमा अनलाइन बनाइएको छ जसबाट स्वास्थ्य संस्थामा भएको औषधीको मौदाज्त र खर्चको हिसाब दुरुस्त भएको छ।
    - सबै वडाका ७२ जना महिला स्वास्थ्य स्वयमसेविकालाई कार्यक्रम गरी दोसल्ला ओढाई तथा मायाको चिनो प्रदान गरी सम्मान गरिएको छ।
    - ९० जना दीर्घरोगीहरुलाई पोषण तथा यातायात खर्च वापत प्रति दीर्घरोगी रु ६००० उपलब्ध गराइएको छ।

- कडा रोग लागेका २१ जना विपन्न नागरिकलाईर रु १ लाख बराबरको निशुल्क औषधिउपचार सहायताको लागि अस्पतालमा सिफारिस गरिएको छ।

- **कृषि विकास शाखा:**
  - एक घर एक करेसाबारी रिब्दिकोट गाउँपालिका भरी कार्यक्रम अन्तर्गत रिब्दिकोट गाउँपालिका सबै ४६४७ घरधुरीलाई ८ प्रकारका तरकारीका बिउ निशुल्क वितरण गरिएको छ।
  - १६०० घरधुरीलाई ५० प्रतिशत अनुदानमा २८ टन निलो आलु वितरण गरिएको छ।
  - एक स्थानीय तह एक उत्पादन कार्यक्रम अन्तर्गत ५८ वटा कृषक/कृषक समूह/सहकारीलाई ४० टन अदुवा वितरण भएको छ। यस्ता कार्यक्रमलाई कार्यान्वयनका अनुभव तथा प्राप्त सुझावका आधारमा थप प्रभावकारी बनाइनेछ।
  - कृषि ऋणमा व्याज अनुदान कार्यक्रम अन्तर्गत २३ जनालाई कृषि विकास बैंक लिमिटेड बतासे शाखाबाट ८० लाख कृषि ऋण प्रवाह भएको छ। आगामी आर्थिक बर्षमा अन्य बैंक सँग पनि सम्झौता गरि कृषि ऋण प्रवाहको दायरालाई थप विस्तार गरि कृषकका कामको अनुगमन मुल्याङ्कनलाई प्रभावकारी बनाइनेछ।
  - मागमा आधारित ५०/७५ प्रतिशत अनुदान कार्यक्रम अन्तर्गत कृषकहरुलाई १७ थान प्लाष्टिक पोखरी, ६८ थान टनेल, १५ थान स्प्रे टयाङ्की उपलब्ध गराइएको छ।
  - १५५ जना कृषकलाई १० ग्रामको २५५ प्याकेट कुरिलो बिउ ५० प्रतिशत अनुदानमा वितरण भएको छ।
  - ७ वटा सहकारी मार्फत ३०२ घरधुरीलाई ७५ प्रतिशत अनुदानमा निलो तुथो तथा कृषि चुन वितरण गरिएको छ।
  - गाउँपालिका भित्रका सबै वडाबाट ४५७ वटा माटोको नमूना संकलन गरी परिक्षण गरि नतिजापत्र सम्बन्धित कृषकलाई दिइएको छ। आगामी दिनमा कृषकलाई माटो विज्ञद्धारा माटोको विषयमा थप जानाकारी दिइने छ।
  - ९ वटा सहकारीलाई निशुल्क ८०० थान क्यारेट वितरण गरिएको छ।
  - वडा नं. ७ पालुङमैनादी डबकामा आर्मनिर्भर सहकारी संस्था मार्फत तरकारी पकेट कार्यक्रम संचालन गरि २०० रोपनी जग्गामा तरकारी खेती गरिएको छ। ३१ घरपरिवार समेटी तरकारीका बीउबीजन वितरण, कृषि सामाग्री वितरण, सिँचाई व्यवस्थापन  तथा डिजिटल काँटा लगायतका सामाग्री उपलब्ध हुने व्यवस्था

मिलाइएको छ। डबकामा काँक्रोको खेती सफल र व्यवसायीक देखिएको हुँदा थप उत्पादन र उत्पाद्कत्व बढाउन थोपा सिँचाइ प्रणाली विस्तार गरिनेछ।

- वडा नं. ५ कुसुमखोलामा बेतनी गाइज कृषि समूह मार्फत १९ घरपरिवार समेटी ५००० मुढामा सिताके च्याउ खेती गरिएको छ।
- वडा नं. ७ मैनादीमा तरकारी ब्लक कार्यक्रम मैनादी कृषि सहकारी संस्था मार्फत संचालन गरी ७३ घरपरिवार समेटी ६०० रोपनीमा तरकारी खेती गरिएको छ।
- यन्त्र उपकरणमा अनुदान कार्यक्रम अन्तर्गत ४० वटा ७ हर्षपावरको ट्याक्टर, ९ वटा चापाकटर, ३ वटा दाना बनाउने मेसिन र १२ वटा कम्बाइन्ड मिल वितरण गरिएको छ।
- चालु आ.व. मा ४३ वटा कृषि फर्म दर्ता भएका छन्।
- वडा नं.६ ठिमुरेमा स्मार्ट कृषि कार्यक्रम मार्फत १३८ घरपरिवार समेटी २० प्लाष्टिक पोखरी निर्माण, ११७ टनेल निर्माण र ५ वटा हाते ट्याक्टर वितरण गरिएको छ।
- वडा नं. ३ को खस्यौलीमा प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना, रिब्दीकोट गाउँपालिका र साना किसान कृषि सहकारी सँस्थाको साझेदारीमा बिउ स्रोत केन्द्र स्थापना गरिएको छ।
- मकै प्रर्बद्धन कार्यक्रम अन्तर्गत ४० लाखको लागतमा २७ कृषक समूह मार्फत ५० प्रतिशत अनुदानमा मकै बीउ, यन्त्र उपकरण , कृषि सामाग्री वितरण तथा तालिमको काम सम्पन्न भएको छ।
- उत्पादनमा आधारित अनुदान कार्यक्रम अन्तर्गत १,०८,००० के.जी. सुन्तलामा प्रति के.जी. रु दुई रुपैंयाका दरले जम्मा रु २१६०००।- र ५८,००० के.जी. टमाटरमा प्रति के.जी. रु दुई रुपैंयाका दरले रु १,१६,०००।— अनुदान वितरण गरिएको छ।
- कृषकहरुको माग संकलन गरि ५० प्रतिशत अनुदानमा १३०० के.जी. धानको बीउ ३०० घरधुरीलाई वितरण गरिएको छ।
- कृषक, कृषि फर्म र कृषि सहकारीलाई उत्पादनका आधारका प्रत्येक वडाका २/२ जना कृषक, ४ वटा कृषि फर्म र २ वटा कृषि सहकारीलाई उत्कृष्ट कृषक, कृषि फर्म र कृषि सहकारीलाई पुरस्कृत गरि सम्मान गरिएको छ।

- **महिला तथा बालबालिका शाखाः**
  - चालु आर्थिक बर्षमा क वर्गका ३, ख बर्गका १२ र ग वर्गका १३ र घ वर्गका ८ गरी जम्मा ३६ जनालाई अपाङ्ग परिचयपत्र वितरण गरिएको छ। यसरी जम्मा गाउँपालिकाभरी हालसम्म ३५० जनाले अपाङ्गता परिचय पत्र पाएका छन्।
  - सबै वडामा लैङ्गीक हिंसा सम्बन्धी सचेतनामूलक कार्यक्रम सम्पन्न भएको छ।
  - २५ जना एकल महिलालाई ३ दिने झिनिया बनाउने तालिम प्रदान गरिएको छ।
  - एकल महिलाको लागि घुम्ती कोषको स्थापना गरि ३ प्रतिशत व्याजमा ऋण लगानी गरिएको छ।
  - ३५ जना एकल महिलालाई चितवनको त्रिवेणीधाममा अध्ययन अवलोकन भ्रमण गराइएको छ।
  - कार्यविधि बनाई लैङ्गिक हिंसा निवारण कोष स्थापना गरि उक्त कोषमा रु १ लाख जम्मा गरिएको छ।
  - वाल दिवसको अवसरका बालबालिकाको क्षमता प्रस्फुटन गर्न अनलाइन मार्फत निबन्ध प्रतियोगिता सञ्चालन गरिएको।
- **प्रधानमन्त्री रोजगार कार्यक्रमः**
  - प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत चालु आर्थिक बर्षमा १ करोड ३२ लाख प्राप्त भएकोमा १६ वटा आयोजना छनौट गरि २५७ जना बरोजगारलाई १०० दिनको रोजगारी दिइएको छ। थप ९०० जना बेरोजगार व्यक्तिलाई रोजगार प्रणालीमा सुचिकृत गरिएको छ।
- **पशु विकास शाखाः**
  - चालु आर्थिक बर्षमा ३८ वटा पशु फर्म दर्ता गरिएको छ।
  - विमा प्रयोजनको लागि ३३ वटा पशुपन्छीको मृत्यु प्रमाणित, ६०६४ पशुपन्छीको मेडिकल उपचार, ६६८ पशुपन्छीको माइनर सर्जिकल सेवा र १०९ पशुपन्छीको कृत्रिम गर्भधान सेवा उपलब्ध गराइएको छ।
  - उत्पादनमा आधारित अनुदान कार्यक्रम अन्तर्गत सहकारी मार्फत १,९०,७१२ लिटर दुध लाई प्रतिलिटर दुई रुपैंया अनुदान दिइएको छ।
  - १५ वटा पशुपन्छी फर्म र ४१ जना कृषकलाई १३६४ के.जी. हिउँदे घाँस वितरण गरिएको छ।
  - वडा नं. ३ मा १४ वटा लैना भैंसीको लागी पोषण वापत प्रति लैना भैंसी रु १०,०००, ६ वटा बाख्रा खोर सुधार गर्न प्रति खोर रु ५,०००, ६ वटा बंगुर

पाठा खरिद गर्न प्रति पाठा रु २०००, १२ वटा पाडी खरिद गर्न प्रति पाडी रु ४,०००,२३ वटा पाडा खरिद गर्न प्रति पाडा रु ४,००० र २८ वटा बाख्राका पाठी खरिद गर्न  प्रति पाठी रु २,००० अनुदान उपलब्ध गराइएको छ।

- वडा नं. ५ मा ९ वटा भैंसी खरिद गर्न प्रति भैंसी रु ३२,००० र १९ वटा पाडी खरिद गर्न प्रति पाडी रु ८,००० अनुदान उपलब्ध गराइएको छ भने १० घरपरिवारलाई प्रति घर ५००० बराबरको लोकल कुखुरा वितरण गरिएको छ।
- वडा नं. ६ मा ६ वटा बाख्रा खोर निर्माण गर्न प्रति खोर रु ८,००० अनुदान उपलब्ध गराइएको छ।
- वडा नं. ७ मा ३८ वटा भैंसी खरिद गर्न प्रति भैंसी रु ३५,०००, उन्नत जातको राँगो खरिद गर्न रु ६०००० , १८ वटा पाडी खरिद गर्न प्रति पाडी रु १६००० र डेरी सञ्चालनको लागी सामाग्री खरिद गर्न रु २५,५०० अनुदान उपलब्ध गराइएको छ।
- वडा नं. ८ मा २४ वटा बंगुरका पाठा खरिद गर्न प्रति पाठा ५,५०० र १५ वटा पाडी खरिद गर्न प्रति पाडी रु १०,००० अनुदान उपलब्ध गराइएको छ।
- युवा लक्षित फर्म सुधार कार्यक्रम अन्तर्गत ४ वटा गाइभैंसी फर्म सुधार गर्न प्रति फर्म रु २५,०००, ८ वटा बाख्रा फर्म सुधार गर्न प्रति फर्म रु २०,००० र बङ्गुर फर्म सुधार गर्न रु २०,००० अनुदान उपलब्ध गराइएको छ।
- मागमा आधारित कार्यक्रम अन्तर्गत ६ वटा व्यवसायीक फर्मको लागि उन्नत जातको बोका खरिद गर्न प्रति बोका रु २५,०००, ४ वटा राँगो खरिद गर्न प्रति राँगो रु २५,०००, सहकारीलाई ५ वटा एनालाइजर खरिद गर्न प्रति एनालाइजनर रु ६०,००० र ३ वटा चापकटर खरिद गर्न प्रति चापकटररु २१,२०० अनुदान उपलब्ध गराइएको छ।
- लागत साझेदारीमा भैंसी प्रवर्धन कार्यक्रम अन्तर्गत १० जना कृषक रहेको ५ वटा कृषक समूह गठन गरी ५० वटा मुर्रा भैंसी खरिद गर्न प्रति समूह ५,३१,००० अनुदान उपलब्ध गराइएको छ।

- **शिक्षा शाखा:**
  - राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता वडा नं. २ को डुम्रेपोखरामा सञ्चालन गरेर खेलाडी छनौट गरि जिल्ला स्तरिय प्रतियोगितामा पठाइएको।
  - विद्यालयका कम्प्युटर शिक्षकलाई IEMIS सम्बन्धी तालिम प्रदान गरिएको र सोही अवसरका विद्यालयको तथ्याङ्क अध्यावधिक गरिएको छ।

- महिनावारी उमेरका सम्पुर्ण छात्राहरुलाई निशुल्क सेनिटरी प्याड उपलब्ध गराइएको तथा आइरन चक्की र फोलिक एसिड वितरण गरिएको छ।
- बालविकास कक्षा देखि ५ कक्षा सम्मका सम्पुर्ण बालवालिकाहरुलाई विद्यालयमै दिवा खाजा खुवाउने गरिएको र कालिका आधारभूत विद्यालय जोगिथुममा कक्षा ६-८ विद्यार्थीलाई समेत निशुल्क खाजा खुवाउने व्यवस्था मिलाइएको छ।
- वालविकास केन्द्र नभएका ८ वटा विद्यालयमा बालविकास केन्द्र स्थापना गरिएको छ।
- वालविकास केन्द्रका ३९ जना शिक्षिकाहरुलाई ७ दिनको आधारभूत तालिम प्रदान गरिएको छ।
- शिक्षक दरबन्दी मिलान कार्य सम्पन्न गरिएको छ।
- कोभिड-१९ को समयमा पनि टोल शिक्षा तथा परियोजना पुस्तकको प्रयोग गरि पठनपाठनलाई निरन्तरता दिइएको छ। प्रतिकुल अवस्था रहिरहेमा यसलाई थप प्रभावकारी बनाइनेछ।
- सम्पुर्ण शिक्षकहरुलाई शिक्षक डायरी र ०-१० का सम्पुर्ण विद्यार्थीहरुलाई अभिभावकको सहयोगमा घरमै बसेर गर्न सकिने क्रियाकलाप समेटिएको परियोजना पुस्तक उपलब्ध गराइएको छ।
- विद्यालयमा तोकिएअनुसारको रंगरोगन गर्ने कार्यको लागि रंग खरिद गरि कार्य आरम्भ गरिएको छ।
- विद्यालयका प्रधानाध्यापकहरुको ५ दिने नमूना विद्यालयहरुको अध्ययन अवलोकन भ्रमण सम्पन्न भएको छ। अध्ययन भ्रमणको अनुभवलाई आ-आफ्नो अनुकुलतामा लागु गर्न निर्देशन दिइएको छ।
- आ.व. २०७६/७७ को विद्यालय लेखापरीक्षण सम्पन्न भएको छ।
- सबै आधारभूत विद्यालय र माध्यमिक विद्यालयहरुमा नेट जडान कार्य सम्पन्न भएको छ।
- ठिमुरेको लुलिभट्टिमा FREE WIFI ZONE सहितको अस्थायी सिकाइ केन्द्र स्थापना गरिएको छ।

- **खानेपानी शाखा:**
  - ख्याहा देउराली खानेपानी तथा सरसफाई आयोजना सम्पन्नको अन्तिम चरणमा पुगेको छ । करिब ७ करोड लागत अनुमान यो आयोजनाबाट ख्याहा र देउराली

गरि करिब ६३७ घरपरिवार मिटर सहितको एक घर एक धाराबाट लाभान्वित भएका छन् ।

- वडा नं. २ देउरालीमा वडा कार्यालयबाट विनियोजित २ लाख र जनश्रमदान समेतबाट मालमुल निनधारा खानेपानी योजना मार्फत मालमुल लघुवा क्षेत्रका ४३ घरपरिवारमा मिटर जडान सहित एक घर एक धाराको काम सम्पन्न भएको छ।
- वडा नं. ३ खस्यौलीमा रु ३६,४३,३८९।- लागत रकमबाट ढाप लिफ्ट खानेपानी योजना मार्फत चकल्दी क्षेत्रका १०० घरपरिवारमा मिटर जडान सहित एक घर एक धारा पुर्याउने लक्ष्य सहित सञ्चालित योजनाको कलेक्सन च्याम्बर -१ वटा, इन्टेक -१ वटा, ५० घनमिटरका RBT ट्याङ्की -२ वटा, पम्प हाउस -१ वटा, योजनाका लागी आवश्यक GI पाइप तथा HDPE पाइप खरिद र विद्युत जडान कार्य सम्पन्न भएको छ। GI पाइप वयल्डिङ्ग, पानी तान्ने मोटर खरिद र वितरण प्रणालीको पाइप जडान गर्ने काम बाँकी रहेको छ।
- वडा नं. ४ भैरवस्थानमा रु ३५,३३,६१२।- लागत रकमबाट सौरगैरा लिफ्ट खानेपानी योजना मार्फत रानीठाँटी क्षेत्रका ९२ घरपरिवारमा मिटर जडान सहित एक घर एक धारा पुर्याउने लक्ष्य सहित सञ्चालित योजनाको कलेक्सन च्याम्बर -१ वटा, इन्टेक -१ वटा, ५० घनमिटरका RBT ट्याङ्की -२ वटा, पम्प हाउस -१ वटा, योजनाका लागी आवश्यक GI पाइप तथा HDPE पाइप खरिद र विद्युत जडान कार्य सम्पन्न भएको छ। GI पाइप वयल्डिङ्ग, पानी तान्ने मोटर खरिद र वितरण प्रणालीको पाइप जडान गर्ने काम बाँकी रहेको छ। लुम्बीनी प्रदेश सरकारको सहयोगमा कुखुरेढाप लिफ्ट खानेपानी आयोजना सम्पन्न भई २७० घरपरिवारमा मिटर सहित एक घर एक धारा जडान भएको छ।
- वडा नं. ६ ठिमुरेमा रु ५३,०५,७४७।— लागत रकमबाट खोप्चे खोला लिफ्ट खानेपानी योजना मार्फत लुलिभट्टि क्षेत्रका १४३ घरपरिवारमा मिटर जडान सहित एक घर एक धारा पुर्याउने लक्ष्य सहित सञ्चालित योजनाको कलेक्सन च्याम्बर -१ वटा, इन्टेक -१ वटा, डिस्ट्रिब्युसन च्याम्बर -१ वटा, ७० घनमिटरको RBT ट्याङ्की -१ वटा, ४० घनमिटरको RBT ट्याङ्की -१ वटा, ३० घनमिटरको RBT ट्याङ्की -१ वटा, पम्प हाउस -१ वटा, योजनाका लागी आवश्यक GI पाइप तथा HDPE पाइप खरिद र विद्युत जडान कार्य सम्पन्न भएको छ। GI पाइप वयल्डिङ्ग, पानी तान्ने मोटर खरिद र वितरण प्रणालीको पाइप जडान गर्ने काम बाँकी रहेको छ।

- वडा नं. ७ पालुङमैनादीको पालुङमा वडा कार्यालयबाट विनियोजित २ लाख र जनश्रमदान समेतबाट चुर्पुक धारा खानेपानी योजना अन्तर्गत २० घनमिटरको स्टोन मेसनरी टयाङ्की निर्माणको काम सम्पन्न भएको छ।
- वडा नं. ८ फेकमा रु १७,०६,६६१।- दुद्रङ्ग गैरा लिफ्ट खानेपानी योजना मार्फत तालतुङ, पेलाचौर र डाइनडाँडा क्षेत्रका २७७ घरपरिवारमा मिटर जडान सहित एक घर एक धारा पुर्याउने लक्ष्य सहित सञ्चालित योजनाको कलेक्सन च्याम्बर -१ वटा, इन्टेक -१ वटा, ५० घनमिटरका RBT टयाङ्की -१ वटा, पावर हाउस-१ वटा, योजनाका लागी आवश्यक GI पाइप तथा HDPE पाइप खरिद र विद्युत जडान कार्य सम्पन्न भएको छ। GI पाइप वयल्डिङ्ग, पानी तान्ने मोटर खरिद र वितरण प्रणालीको पाइप जडान गर्ने काम बाँकी रहेको छ।
- वडा नं. ८ फेकमा झरझरे लिफ्ट खानेपानी योजना मार्फत काउले र कुँडुले क्षेत्रका ९६ घरपरिवारमा मिटर जडान सहित एक घर एक धारा पुर्याउने लक्ष्य सहित सञ्चालित योजनाको कलेक्सन च्याम्बर -१ वटा, इन्टेक -१ वटा, ५० घनमिटरका RBT टयाङ्की -२ वटा निर्माण गर्ने कार्य सम्पन्न भएको छ। GI पाइप खरिदको लागि ३ पटक सम्म टेन्डर गर्दा बोलपत्र पेश नभएको हुँदा दररेट समायोजन गरि उपभोक्ता समिति मार्फत योजनाका लागि आवश्यक GI पाइप र HDPE पाइप खरिदको प्रकृया अगाडी बढाइएको छ। GI पाइप वयल्डिङ्ग, पानी तान्ने मोटर खरिद र वितरण प्रणालीको पाइप जडान गर्ने काम बाँकी रहेको छ।

- **मुख्यमन्त्री ग्रामिण विकास तथा रोजगार कार्यक्रम:**
  - गाउँ कार्यालिकाबाट मिति २०७७/७/२६ मा स्मार्ट टोल विकास सँस्था संचालन कार्यविधि २०७७ पारित गरि वडा नं १ को जोगिथुम, वडा नं २ को डम्बक, वडा नं. ३ को मालमुल, वडा नं. ४ को हटिया, वडा नं. ५ को नैंटोला, वडा नं. ६ को लुलिभट्टी, वडा नं. ७ को पालुङ र वडा नं. ८ को पेलाचौरमा स्मार्ट टोल विकास सँस्था गठन गरि गाउँपालिकामा दर्ता समेत गरिएको छ। सबै स्मार्ट टोलमा फाइबर सहितको इन्टरनेट पुर्याइएको छ। स्मार्ट टोलमा एक जना सूचना प्रविधि सहजकर्ता छनौट गरी टोल विकास संस्थाको स्वामित्वमा रहने गरि सहजकर्तालाई कम्प्युटर सेट -१ थान, फोटोकपी स्क्यानर सहितको प्रिन्टर -१ थान, कम्युटर टेबल -१ थान, कुर्सी -१ थान, मल्टिप्लग -१ थान, कम्प्युटर छोप्ने कपडा -१ थान, फोटोकपी पेपर- १ रिम उपलब्ध गराइएको छ। सूचना प्रविध सहजकर्ताको घरलाई सूचना केन्द्रको रुपमा विकास गर्दै गाउँपालिकाबाट उक्त घरमा इन्टनेट

जडान र १ बर्ष सम्मको रिचार्ज निशुल्क गरि FREE WIFI ZONE सहित सशुल्क फोटोकपी, प्रिन्टिङ, स्क्यानिङ, इमेल इन्टरनेट, सूचना विज्ञापन, विजुलि इन्टरनेट टिकटका विल भुक्तानी, रकम ट्रान्सफर, घटना दर्ताको प्रारम्भिक विवरण प्रविष्टि लगायतका सूचना प्रविधिजन्य सेवा टोल स्तरमै उपलब्ध हुने व्यवस्था मिलाइएको छ। गाउँपालिका र वडा कार्यालयका सूचनाहरु टोल-टोलका जनता माझ पुर्याउन र टोलका विकास गतिविधि कार्यालयले थाहा पाउन प्रत्येक टोल विकास सँस्थाका फेसबुक र जिमेल खाता बनाइएको छ। स्मार्ट टोल अभियानमा स्मार्ट टोलभित्रका घरपरिवारले नेट जोड्न चाहेमा जडान खर्चमा रु ५००० अनुदान उपलब्ध गराउने व्यवस्था मिलाइएको छ। यसरी ८ वटै वडाका स्मार्ट टोल मार्फत सूचना प्रविधिको प्रयोग गरि विश्वसामु आफु र पालिकालाई परिचित गराउने तथा संसारलाई आफ्नै अगाडी देख्न, हेर्न र बुझ्न पाउने अवसर प्राप्त भएको छ ।

- ८४ बर्ष माथिका १५५ जा जेष्ठ नागरिकलाई स्वास्थ्यकर्मी घरमै पुगेर ३२० के.जी.सर्वोत्तम पिठो, साबुन, मास्क लगायतका सामाग्री वितरण गरिएको छ।
- वडा नं ५ कुसुमखोलाका फरक क्षमता भएका श्री सन्दिप थापालाई ल्यापटप दिइएको छ।
- १९२ जना अपाङ्गता भएका व्यक्तिहरुको निशुल्क स्वास्थ्य विमा गरिएको छ।
- सबै स्वास्थ्य सँस्था र गाउँपालिका स्तरीय कोभिड-१९ अस्पताललाई २२ वटा अक्सिमिटर वितरण गरिएको छ।
- सिरुपाते र प्रगतिशिल अदुवा उत्पादक समूहका ६७ जना कृषकलाई ३७१३ के.जी. अदुवाको विउ वितरण गरिएको छ।
- वडा नं ८ फेकमा सोमहर बंगुर पालन समूहका २० जना कृषकलाई रु ५९०० को ४० वटा वंगुरका पाठापाठी खरिद गरि वितरण गरिएको छ।
- वडा नं ७ पालुङमैनादी बतासेमा कालिका कृषक समूह मार्फत २५ जना कृषकलाई ५० वटा प्लाष्टिक टनेल वितरण गरिएको छ।
- वडा नं. १ को जोगिथुमको कालिका आधारभूत माध्यमिक विद्यालयमा प्रारम्भिक वालविकास कक्षाको लागि १६ मिटर कार्पेट , २५ थान कुसन र ६,७ र ८ कक्षाका विद्यार्थीलाई दिवा खाजा उपलब्ध गराइएको छ।
- ३६ जना HIV एड्स संक्रमितलाई पौष्टिक आहार स्वरुप चना, भट्टमास, हर्लिक्स, च्यवानप्रास र लोकल कुखुरा वितरण गरिएको छ।

- **सूचना प्रविधि शाखाः**
  - गाउँपालिकाको वेवसाइट, इमेल र फेसबुक नियमित रुपमा रुजु र अपडेट गर्ने गरिएको छ।
  - स्थानीय तहको संस्थागत क्षमता स्वमुल्याङ्कन कार्यविधि अनुसार ४ दिने कार्यशाला गोष्ठि आयोजना गरि LISA सफ्टवेयरमा सबै कागजपत्र प्रविष्टि गर्ने काम सम्पन्न गरिएको छ। १०० पुर्णांकको स्वमुल्याङ्कनमा ५०.५ अंक प्राप्त गरिएको छ।
  - लिफ्टिङ खानेपानीमा घरमै बसेर मोबाइल एप्लिकेशन मार्फत पानी तान्ने मोटर अन अफ गर्ने प्रणाली जडान गरिएको छ
  - १४ वटा बोलपत्र इ-बिड गरि मुल्याङ्कन गरिएको छ।
- **घटना दर्ता, पञ्जीकरण तथा सामाजिक सुरक्षाः**
  - राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको आयोजना र गाउँपालिकाको समन्वय र सहजिकरणमा सबै नागरिकको विवरण राष्ट्रिय परिचयपत्र प्रणालीमा प्रविष्टि गर्ने काम सम्पन्न भएको छ।
  - घटना दर्ता तथा सामाजिक सुरक्षाको डिजिटाइजेशन गर्ने कार्य सम्पन्न भएको छ।
  - सबै वडामा दर्ता शिविर सञ्चालन भएको तथा घटना दर्ता सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ।
  - सामाजिक सुरक्षा भत्ता वैङ्किङ प्रणाली मार्फत वितरण गर्न व्यवस्था मिलाइएको छ।
  - वडा नं. ३ र ४ को सामाजिक सुरक्षा भत्ता वितरणमा Forward Feed र Reverse Feed प्रणालीको अबलम्बन गरिएको छ।
- **न्यायिक समितिः**
  - न्यायिक समिति समक्ष १० वटा मुद्धा दर्ता भएकोमा ७ वटा मुद्धा मिलापत्रको माध्यमबाट फर्छ्यौट भएका र ३ वटा मुद्धा पर्छ्यौट हुन बाँकी छन्।
- **विपद् व्यवस्थापनः**
  - प्राकृतिक विपद् बाट पिडित नागरिकहरुको निवेदनको आधारका क्षतिको अनुगमन तथा मुल्याङ्कन गरि जम्मा २०९ जना घरपरिवारलाई राहत सामाग्री तथा रु २,०८,०००।— राहत रकम गाउँपालिकाको विपद् व्यवस्थापन कोषबाट उपलब्ध गराइएको छ।

- प्रशासन शाखा:
  - गाउँकार्यपालिका कार्यालयको जम्मा ४५ स्वीकृत दरबन्दी मध्ये १७ दरबन्दी पदपुर्ति भएको र २८ दरबन्दी रिक्त रहेको छ। स्वास्थ्य तथा आयुर्वेद तर्फ ४७ स्वीकृत दरबन्दी मध्ये २५ पदपुर्ति भएको र २२ दरबन्दी रिक्त रहेको छ।
  - सहायक चौथो कृषि-१, ना.प.स्वा.प्रा. भेटनरी -१ जना, ना.प.से.प्रा. —लो.पो.डे.डे.-१ जना, अहेब चौथो- ८ जना, असिष्टेन्ट सव-इन्जियर- ६ जना, स्टाफ नर्स- १, एच.ए. -५ जना, पशु सेवा प्राविधिक पाँचौं -१ जना, सहायक पाँचौं कृषि- १ जना, सव इन्जिनियर- ३ जना , सहायक पाँचौं प्रशासन -३ जना, अधिकृत सातौं/आठौं कृषि/भेटनरी -१ जना र अधिकृत सातौं/आठौं -१ जना जम्मा ३४ रिक्त दरबन्दीहरु पदपुर्तिको लागि प्रदेश लोकसेवा आयोगमा पठाइएको छ।
  - कार्यालय सहयोगी -२ जना, बैद्य- २ जना, अनमी -६ जना, सामाजिक परिचालक पशु तर्फ- १ जना , लघु उद्यम विकास सहजकर्ता — २ जना , अहेब- ५ जना, नाप्रास कृषि- ५ जना, स्टाफ नर्स- ३ जना, एच.ए. — ६ जना, सव इन्जिनियर- २ जना र इन्जिनियर -१ जना गरि जम्मा ३६ जना करार सेवामा विज्ञापन गरि नियुक्ति गरिएको छ। ५ जना सहायक कम्प्युटर अपरेटरलाई दैनिक ज्यालादारीमा नियुक्ति गरिएको छ।
  - ६ जना करार सेवाका कर्मचारीहरुले राजिनामा दिएका, १ जना कर्मचारीको अनिवार्य अवकाश भएको, ६ जना कर्मचारीहरु सरुवा भई अन्यत्र गएका र २ जना कर्मचारीहरु अन्यत्रबाट सरुवा भइ यस गाउँपालिकामा आएका छन्।
  - रिब्दीकोट गाउँपालिकाको स्तर तथा तहबृद्धि व्यवस्था ऐन २०७७ आठौं गाउँसभाबाट पारित गरि ऐन बमोजिम साविक स्थानिय निकायमा स्थायी नियुक्ति पाई कर्मचारी समायोजन ऐन २०७५ अनुसार यस गाउँपालिकामा समायोजन हुँदा तह बृद्धि नपाएका कर्मचारीहरुलाई गाउँ कार्यापालिकाको मिति २०७८/२/२० को निर्णय अनुसार प्रशासन सेवा लेखा समूह पाँचौ तहका श्री बिष्णु प्रसाद ढकाललाई सोही सेवा समूहको अधिकृत छैठौंमा, प्रशासन सेवा सामान्य प्रशासन समूह चौथो तहका श्री हुम बहादुर बरौले र श्री गणेश प्रसाद आचार्य लाई सोही सेवा समूहको सहायक पाँचौमा र प्रशासन सेवा सामान्य प्रशासन समूहका सहायक तृतीय तहका श्री कमल प्रसाद ज्ञवाली लाई सोही सेवा समूहको सहायक चौथो तहमा तह बृद्धि गरिएको छ।

- **पालुङ मैनादी आयुर्वद औषाधलय:**
  - ५२ जना जनप्रतिनिधि तथा कर्मचारीहरुलाई स्वास्थ्य जीवनशैली सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ।
  - योग सम्बन्धी ३ दिने प्रशिक्षण कार्यक्रम गाउँपालिकाको सभाहल र पालुङमैनादी आयुर्वेद औषाधलयमा सम्पन्न भएको छ।
  - ५ वटा विद्यालयमा विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम सम्पन्न भएको छ।
  - ९६ स्तनपायी आमालाई स्तन्यवर्दक तथा पोषण औषधीहरु वितरण गरिएको छ।
  - १९९ जेष्ठ नागरिकलाई रसायन तथा पोषण औषधी वितरण गरिएको छ।
  - वडा नं. ७ बतासेमा नियमित रुपमा योग सञ्चालन भइराखेको छ।
- **योजना तथा पुर्वाधार शाखा:**
  - लुम्बिनी प्रदेश सरकार तथा गाउँपालिकाको साझेदारीमा जम्मा रु ७६,३८,१४३।— को लागतमा गाउँपालिकाको बहुउदेशीय सभाहल दुई तला थप गरिएको छ।
  - प्रदेश सरकारको विशेष अनुदानमा जम्मा रु १,११,९५,३२७।—को लागतमा कन्टीपोखरा-ख्याहा सडक खण्डको १ किलोमिटर कालोपत्रे गर्ने काम सुरुवात भएको छ।
  - प्रदेश सरकार र गाउँपालिकाको साझेदारीमा १ करोड लागतमा कुसुमखोलाको सैंटोलामा ६५ मेट्रिक टन क्षमताको कोल्ड स्टोर निर्माणको काम अघि बढेको छ।
  - रिब्दीकोट-५ सिस्नेरी र रिब्दीकोट-८ सिसाघाटमा ट्रस ब्रिज निर्माणको काम सम्पन्न भएको छ।
  - भैरवस्थानको भारकोटमा कफि पल्पिङ सेन्टरको भवन निर्माण भएको छ।
  - नैंटोला देखी घोर्लिखर्क जाने बाटो जोडिएको छ।
  - ख्याहाको लिस्नेभिरलाई पर्यटकीय गन्तव्यको रुपमा विकास गर्ने लक्ष्य अनुरुप यस आर्थिक बर्षमा पदमार्ग र रेलिङ निर्माणको काम भएको छ।
  - पालिका स्तरिय ५३ वटा योजना सम्झौता भएकोमा ३१ वटा सम्पन्न भइसकेका छन्।

- **पुनर्निमाण शाखा:**
    - गाउँपालिका भर जम्मा ७०३ जना पुर्ननिर्माण लाभग्राही रहेकोमा सम्झौता नगर्ने लाभग्राही ७५ जना रहेका छन्।
    - पुनर्निमाणको पहिलो किस्ता प्राप्त गर्ने लाभग्राही ६ जना, प्रबलिकरणको पहिलो किस्ता प्राप्त गर्ने लाभग्राही ६ जना रहेका छन्।
    - पुनर्निमार्णको दोश्रो किस्ता पाउने लाभग्राही २१ जना रहेका छन्।
    - पुनर्निर्माणको तेश्रो किस्ता भुक्तानीको लागि पेश भएका लाभग्राही ५३ जना र तेश्रो किस्ता भुक्तानी पाउने लाभग्राही ३८ जना रहेका छन्।
- **राजस्व शाखा:**
    - जेठ मसान्त सम्म रु ३१,६३,४०१।- आन्तरिक आय गाउँपालिकाको खातामा जम्मा भएको छ। आगामी आर्थिक बर्षमा राजस्व प्रशासनलाई थप प्रभावकारी बनाई करको दायरा बृद्धि गर्दै आन्तरिक आयमा बढोत्तरी गरिनेछ।
- विविध:
    - भैरवस्थान मन्दिरमा जिपलाइन निर्माणको काम सुरुवात भएको छ।
    - रिब्दीकोट चिनाउने पर्यटकीय गन्तव्यहरु शीर्षकमा लेखरचना प्रतियोगिता गरि सहभागीहरुलाई पुरस्कृत गरिएको छ।
    - आफ्नो वडा आफै बनाउँ भन्ने कार्यक्रम अन्तर्गत वडा कार्यालय मार्फत कृषि, पशु, पुर्वाधार, लक्षित समूह लगायतका क्षेत्रमा सम्पन्न भएका छन्।

गाउँसभाका सदस्यज्यूहरु,

अव म आर्थिक वर्ष २०७८।०७९ का लागि प्रस्तावित नीति तथा कार्यक्रमहरु यस गरिमामय सभामा पेश गर्न चाहान्छु ।

**१. कोभिड १९ रोकथाम तथा नियन्त्रण :**

- कोभिड १९ को रोकथाम, नियन्त्रण र उपचार का लागि गाउँपालिकाबाट संचालित कोभिड १९ अस्पताललाई सुदृढ तुल्याउन आवश्यक जनशक्ति, स्वास्थ्य सामाग्री र उपकरणहरु व्यवस्थापन गरिनेछ ।
- कोभिड १९ को रोकथाम तथा नियन्त्रणको लागि सबै रिब्दीकोटबासीहरुलाई सहज र सरल रुपमा कोभिड विरुद्धको खोप सुनिश्चित गर्न नेपाल सरकार संग आवश्यक समन्वय तथा सहकार्य गरिनेछ ।

- कोभिड १९ को महामारीबाट बच्नका लागि विभिन्न सचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- कोभिड १९ को कारण अभिभावक विहिन हुन पुगेका बालबालिकाहरुलाई संरक्षण तथा सहयोग गर्ने निति लिइनेछ ।

## २. आर्थिक विकास :

### कृषि तथा पशु

- **रिब्दीकोटको समृद्धिको आधार : कृषि र पशुपालनमा विस्तार** भन्ने मुल नारालाई आत्मसाथ गर्दै कृषि र पशुपालनको क्षेत्रमा लगानी अभिवृद्धि गरी थप विकास, विस्तार र प्रवर्द्धन गरिने छ ।
- टमाटर र दुध, सुन्तला,कागती दिइदै आएको उत्पादनमा आधारित नगद अनुदानलाई आगामी आ.व. मा निरन्तरता दिई यसलाइ थप प्रभावकारी वनाइनेछ ।
- विभिन्न प्रकोप एवं जोखिमका कारण कृषकहरुले भोग्दै आएको क्षति न्यूनिकरण गर्न तथा किसानको लगानी सुनिश्चित गर्न गाउँपालिकाको निश्चित अनुदानमा आगामी आ.व.देखि अनिवार्य **पशु धन तथा वाली विमा कार्यक्रम** शुरु गरिने छ ।
- **एक घर एक करेसाबारी: रिब्दीकोट गाउँपालिका भरी** अभियानलाई निरन्तरता दिइनेछ ।
- **गाउँपालिकाभित्र रहेका कृषकहरुको पहिचान गरी कृषि क्षेत्रको विकास र विस्तार गर्न एवं कृषि तथा पशुपंछी सम्बन्धी तथ्यांक अद्यावधिक गरिने छ ।**
- कोभिड १९ का कारण विदेशबाट फर्किएका तथा युवा जनशक्तिलाई कृषि तथा पशुपालनमा आकर्षित गर्न गाउँपालिका भित्रका सबै बैंकसँग सम्झौता गरि **कृषि ऋणमा ब्याज अनुदान उपलब्ध गराइने छ । अनुगमन कार्यलाई थप प्रभावकारी बनाई ब्याज अनुदानको दुरुपयोग गरेको पाईएमा गाउँपाकिाबाट प्रदान गरिने सेवा सुविधाबाट वञ्चित गर्ने नीति लिइनेछ ।**
- वाली विकास कार्यक्रम अन्तर्गत मकै उत्पादन प्रवर्द्धन विशेष कार्यक्रम संचालन गरिने छ ।
- फलफूलमा आत्मनिर्भरता बनाउन गाउँपालिकाबाट अनुदानको प्रबन्ध गरी सुन्तलाजात विरुवा रोपण अभियान कार्यक्रम व्यापक रुपमा संचालन र विस्तार गरिने छ ।
- स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्‍याउने वाली वस्तुको साना व्यवसायिक कृषि उत्पादन केन्द्र विकास कार्यक्रम संचालन गरिने छ ।
- गाउँपालिकाभित्र रहेका बाँझो जग्गाहरुको एकीकृत तथ्यांक संकलन मार्फत भूमि बैंकको अवधारणा कार्यान्वयन गरी बाँझो जग्गा उपयोगमा अनुदानको व्यवस्था गरिने छ ।
- विदेशबाट फर्किएका व्यक्तिहरुको सीपको विवरण अद्यावधिक गरी सीप बमोजिमको उद्यमशीलता र स्वरोजगारी सृजनाका लागि युवा लक्षित कार्यक्रम तय गरिनु का साथै त्यस्ता जनशक्तिलाई गाउँपालिकाभित्र संचालन हुने तीन तहकै सरकारबाट संचालन हुने विकासका निर्माण आयोजनाहरु, कृषि लगायतका क्षेत्रमा प्राथमिकता दिई रोजगारी प्रदान गरिने छ ।
- स्थानीय कृषि उत्पादनको बजारीकरण र विचौलियाको अन्त्य गर्न Online System विकास गरी कृषकको उत्पादन विक्री वितरणमा सहजीकरण गरिने छ ।
- सहकारी संस्थाहरुलाई उत्पादनमा केन्द्रीत गरी रोजगारी सिर्जनामा जोड दिइने छ ।
- कृषि उपज तथा कृषिजन्य उत्पादनको भण्डारण एवं खाद्य सुरक्षाका लागि प्रदेशसँगको साझेदारीमा चिस्यान केन्द्रको निर्माणलाई निरन्तरता दिँदै व्यवस्थित गरिने छ ।
- **एक वडा एक उत्पादनको** अवधारणा अनुरुप **पकेट क्षेत्र निर्धारण गरिने** छ ।
- व्यवसायिक कृषि तथा पशुपालनमा संलग्न फर्म, समूह तथा संस्थाहरुलाई प्रोत्साहन गर्न अनुदानका कार्यक्रमहरुलाई निरन्तरता दिइने छ ।

- रैथाने उत्पादनको प्रवर्द्धन गर्न स्थापना गरिएको **कोसेली घर** को संचालन कार्यविधि परिमार्जन गरि व्यवस्थित गरिनेछ ।
- कृषि उत्पादन तथा उत्पादकत्व बृद्धिको लागि प्राबिधिक सेवालाई अझ प्रभावकारी रुपमा विस्तार गरिने छ ।
- कृषकका कुनैपनि कृषिजन्य उत्पादनले बजार नपाउने अवस्था सृजना हुन दिइने छैन, आवश्यकता अनुसार ढुवानी अनुदान उपलब्ध गराई बजार सम्मको पहुँच सुनिश्चित गरिने छ ।
- कृषक समूह, सहकारी, सरकारी तथा गैर सरकारी संस्थाहरुको साझेदारीमा कृषि तथा पशु विकासका कार्यक्रमहरु संचालन गर्ने नीति अवलम्बन गरिने छ ।
- पशुपालन व्यवसायमा थप अनुदानका कार्यक्रम ल्याई दुग्धजन्य उत्पादन तथा मासुमा आत्मनिर्भर बनाउनुका साथै निर्यात गर्न सक्ने अवस्थाको सिर्जना गरिने छ ।
- अर्गानिक खेती प्रणाली तथा प्राकृतिक श्रोत तथा बाताबरण संरक्षण बिच सन्तुलन कायम राख्ने नीतिलाई निरन्तरता दिइने छ ।
- कृषि मल र गुणस्तरीय बीउको सहज उपलब्धता सुनिश्चित गर्दै प्रांगारिक मलको प्रयोगमा प्रोत्साहन गरिने छ ।
- बाखापालन विस्तार गर्न बाखाको साना व्यवसायिक कृषि उत्पादन केन्द्र(पकेट) विकास कार्यक्रम संचालन गरिने छ ।
- थोपा सिंचाइ प्रविधि प्रयोग गर्न प्रोत्साहन गरिने छ , पानीका स्थानीय स्रोत सुक्न नदिन रिचार्ज पोखरीहरु निर्माण गर्ने कार्यलाई निरन्तरता दिइने छ ।
- खेती प्रविधि, एकीकृत खाद्यतत्व व्यवस्थापन, एकीकृत शत्रुजीव व्यवस्थापन मार्फत रोग र कीराको व्यवस्थापनका विषयमा किसानलाई निरन्तर प्रयोगात्मक रुपमा सिकाउन कृषक पाठशाला चलाइने छ ।
- कागती, टिमुर, फलफूल, तरकारी, च्याउ खेतीलाइ थप विकास र विस्तार गरिने छ ।
- पशु उत्पादन तथा उत्पादकत्वमा बृद्धि ल्याउन नश्ल सुधार कार्यकमलाई निरन्तरता दिईने छ ।
- व्यवसायिक पशुपालनतर्फ आकर्षित गर्न लागत साझेदारीमा आधारित भैँसी प्रवर्द्धन कार्यक्रम संचालन गरी युवायुवतीहरुलाई गाउँभित्रै स्वरोजगार बनाईने छ ।
- दलित, आर्थिक रुपले अति विपन्न र एकल महिलाहरुलाई आत्मनिर्भर र स्वरोजगार बनाउन मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम मार्फत आयमुलक कार्यक्रम तर्जुमा गरिने छ ।
- रिब्दीकोट कृषि तथा पशु उद्यमशिलता परियोजना मार्फत दुध, दुग्धजन्य परिकार, मासु र मासुजन्य परिकार तथा आर्गनिक तरकारी खेती र उच्च मुल्यका नगदेवाली खेतीलाई प्रोत्सिाहित गरिनेछ ।

## उद्योग तथा वाणिज्य

- **साना तथा मझौला उद्योगको विकास : गरिबी र बेरोजगारीको निकास** अभियान अन्तर्गत विदेशबाट फर्किएका व्यक्तिहरुलाई लक्षित गर्दै मागमा आधारित साना उद्योग संचालन गर्न प्रस्ताव आव्हान गरी विशेष सहुलियत प्रदान गरिने छ ।
- गाउँपालिकाको स्थानीय स्रोत साधन,श्रम, सीप र प्रविधिमा आधारित लघु उद्योगहरु स्थापना गर्ने नीतिलाई निरन्तरता दिदै अनुदानको व्यवस्था मिलाइने छ ।
- उपभोक्ता हितको संरक्षण गर्न तथा कालोबजारी र मिलेमतोको अन्त्य गर्न नियमित रुपमा बजार अनुगमन गरिने छ ।

- घरेलु तथा साना उद्यमीलाई सीप र व्यवसाय प्रवर्द्धनका माध्यमद्वारा उद्यमका रुपमा विकास गर्न सहजीकरण गरिने छ ।
- गाउँपालिकाको भित्रको उपयुक्त ठाउँमा औद्यगिक ग्राम निमार्णको लागि विशेष पहल गरिनेछ ।
- तानसेन नगरपालिका लगायत अन्य स्थानीय तह संग साझेदारी गरि मुख्य बजारहरुमा हाट बजार संचालन गरिनेछ ।
- लघु उद्यम विकास कार्यक्रम मार्फत लघु उद्यमीहरु तयार गरि रोजगारी तथा स्वरोजगारी सृजना गरिनेछ ।

**पर्यटन :**

- भैरवनाथ मन्दिर र रिब्दीकोट जलेश्वरको एकीकृत विकासका लागि गुरुयोजना बमोजिमका काम अगाडी बढाइनेछ ।
- विद्यमान पर्यटकीय स्थलहरुको संरक्षण र प्रवर्द्धन तथा थप पर्यटकीय स्थलहरुको पहिचान मार्फत पर्यटन विकास गर्ने उद्धेश्यले पर्यटन गुरुयोजनाको निर्माण गरिने छ ।
- होमस्टे सञ्चालनका लागि निजी क्षेत्र तथा स्थानीय समुदायलाई प्रोत्साहित गरिनेछ ।
- जलेश्वर मन्दिर क्षेत्रलाई धार्मिक स्थलका साथै जडिबुटी उद्यानको निर्माण गरी उक्त क्षेत्रलाई अध्ययन तथा अनुसन्धान केन्द्रको रुपमा विकास गरिने छ ।
- आन्तरिक पर्यटन प्रवर्द्धनका लागि गाउँपालिका क्षेत्रभित्र उपयुक्त स्थान छनोट गरी पिक्निक स्पटको निर्माण गरिने छ ।
- सांस्कृतिक तथा धार्मिक पर्यटनका लागि लुम्बिनी-जलेश्वर-भैरवस्थान हुदै पाणिनी तपोभूमि तथा ऋषिकेश क्षेत्र मार्ग अध्ययन र थप पदमार्ग निर्माणका लागि प्रदेश तथा संघसंग सहकार्य गर्ने नीति लिईने छ ।
- रुपन्देहीको सैनामैना-पाल्पाको तिनाउ-रिब्दीकोट हुँदै कालिगण्डकी करिडोरसम्म जोड्ने **सेनकालिन सभ्यता, संस्कृति युक्त मार्ग विकास गर्न सहकार्य र अध्ययन गरिने छ ।**
- वडा नं. १ को लिस्नेभिर, वडा न. ४ को पुर्णाकोट र वडा नं. ८ को रिङसिङ डाँडाको थप प्रचार-प्रसार तथा पर्यटकीय पुर्वाधार निर्माण गर्न संघ तथा प्रदेश सरकार संग सहकार्य गरिनेछ ।

**३. सामाजिक विकासः**

**शिक्षा :**

- **"गुणस्तरीय शिक्षा : हाम्रो अभिभारा"** भन्ने मान्यताका साथ विद्यालय शिक्षाको सुधारका लागि स्पष्ट दृष्टिकोण र प्रतिवद्धता सहित गाउँपालिकाभित्रका सबै बालबालिकाहरुलाई शिक्षाको पहुँचबाट बाहिर नरहने अवस्थाको सुनिश्चितता गरिने छ, आर्थिक रुपले अति विपन्न वर्गका लागि विशेष सहुलियतको व्यवस्था गरिने छ ।
- विद्यालय व्यवस्थापनका समग्र पक्षमा सुधार ल्याई बालमैत्री एवं अपाङ्गमैत्री संरचना निर्माणमा विशेष जोड दिईने छ ।
- शिक्षकहरुको शिक्षण सिकाई क्षमता अभिवृद्धि गर्नका लागि विषयगत तथा सूचना प्रविधि तालिम दिईदै लगिने छ ।
- शैक्षिक गुणस्तर सुधार गर्न शैक्षिक तथा भौतिक सामाग्री, विज्ञान र कम्प्युटर प्रयोगशाला जस्ता विषयमा सहयोग विस्तार गरिने छ ।
- संस्थागत तथा सामुदायिक विद्यालयहरुको पठनपाठनलाई एकरुपता ल्याउन तथा गुणस्तर वृद्धि गर्न सबै विद्यालयहरुबीच सहकार्य एवं पाठ्यक्रम तथा पाठ्यपुस्तकको एकरुपता कायम गर्न जोड दिईने छ ।

- सरोकारवाला सवैको संलग्नता एवं सहकार्यमा गाउँपालिकाको मौलिक कला सस्कृति, परम्परा एवं विविध पक्ष समेटी स्थानीय पाठ्यक्रमको विकास गरी लागू गरिने छ ।
- वालविकास केन्द्रको सुधार गर्नुको साथै तालिम प्राप्त जनशक्तिको व्यवस्था गरिने छ ।
- बालअधिकारको सुनिश्चितताका लागि बाल क्लव गठन र परिचालन गर्न गैरसरकारी संस्था संगको सहकार्यलाई निरन्तरता दिईने छ, जसवाट बालबालिकाहरुको शिक्षामा पहुँच वढ्नुका साथै पढाइमा निरन्तरता गर्नमा मद्धत पुग्नेछ ।
- विद्यालय भौतिक निर्माण सुधारका अलावा गुणस्तर सुधारका लागि शिक्षक तालिम र समुदाय सचेतना कार्यक्रमको माध्यमवाट विद्यालय वातावरणमा सुधार ल्याइ सामुदायिक सहभागिता र वातावरण संरक्षणमा सहयोग पुर्‍याइने छ ।
- गाउँपालिका स्तरमा **उत्कृष्ट विद्यालय/विद्यार्थी/शिक्षक र अभिभावकहरु समेतलाई पुरस्कृत गर्ने** प्रणालीलाई अवलम्बन गरिने छ ।
- क्रमागत रुपमा अग्रेंजी माध्यमलाई अनिवार्य गर्दै लगिने छ ।
- गाउँपालिकामा व्यवसायिक प्राविधिक उच्च शिक्षालय स्थापनामा जोड दिईने छ ।
- अपाङ्गहरुलाई सीपमुलक र व्यवहारीक शिक्षा प्रदान गर्न प्रयत्न गरीने छ ।
- **विद्यार्थी सार्है न्युन भएका विद्यालयहरुलाई आवश्यकता अनुसार Merge गर्दे लैजाने नीति लाई निरन्तरता दिईने छ ।**
- विपन्न र अल्पसंख्यक जनजाती बहुल क्षेत्रको विद्यालयमा दिवा खाजा कार्यक्रम सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- साक्षरता अभियानलाई प्रभावकारी वनाईने छ ।
- तुलनात्मक रुपमा शैक्षिक स्तर कम हुने विषयहरु गणित र विज्ञान विषयको स्तर सुधारका लागि अध्ययन गरी सोही बमोजिम सुधारका प्रयासहरु गरिनेछ ।
- **विद्यालयमा विद्यार्थी टिकाउने र सिकाई कार्य प्रभावकारी बनाउन जोड दिईनेछ** ।
- **गाउँपालिकास्तरको आवासिय विद्यालय सञ्चालनका लागि अध्ययन गरिनेछ** ।
- SEE मा उत्कृष्ट अंक प्राप्त गर्ने विद्यार्थीलाई सम्मान गरिने छ ।
- पालिका भित्र क्याम्पस संचालन र सो को स्थायित्वका लागि प्रदेश सरकारसँग विशेष पहल एवं सहकार्य र समन्वय गरिनेछ ।
- स्मार्ट टोल मार्फत गाउँपालिका सबै विद्यार्थी लाई इन्टरनेटको पहुँचमा जोडी अनलाइन शिक्षामा जोड दिइनेछ ।
- शिक्षक, विद्यार्थी र अभिभावकलाई शिक्षामा नवप्रर्वतन तथा नविनतम प्रविधि अवलम्बन तथा अनुसरण गर्न प्रोत्साहित गरिनेछ ।
- कोभिड १९ को कारण भौतिक रुपमा उपस्थित भई शिक्षण सिकाइ हुन नसकेको अवस्थामा वैकल्पिक विधिको प्रयोग गरि शिक्षण सिकाइलाई निरन्तरता दिइनेछ ।

**स्वास्थ्य :**

- **स्वस्थ्य गाउँवासी : स्वस्थ्य गाउँपालिका**को अभियानलाई सफल पार्न प्राथमिक तथा आधारभूत स्वास्थ्य सेवामा सवैको पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था गरिने छ ।
- सुरक्षित गर्भपतन सम्बन्धी अभिमुखीकरण तालिम संचालन गरिने छ ।
- LMIS तालिम संचालन गरी औषधी व्यवस्थापनका प्रणालीलाई सुदृढ बनाईने छ ।
- Birthing Center मा सुत्केरी हुने महिलाहरुलाई दिईदै आएको **थप प्रसुती भत्तालाई निरन्तरता दिईने छ ।**

- वाल पोषण शिक्षा तथा वृद्धि अनुगमनमा जोड दिईने छ ।
- आयुर्वेद, प्राकृतिक चिकित्सा लगायतका अन्य वैकल्पिक चिकित्सा पद्धतिको विकास र विस्तार गर्दै लगिनेछ ।
- विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गर्नुका साथै प्रत्येक विद्यालयलाई First Aid Box उपलब्ध गराईने छ ।
- क्यान्सर, मुटुरोग आदिबाट पिडित विरामीहरुलाई दिईदै आएको आर्थिक सहायतालाई निरन्तरता दिइनेछ ।
- ६० वर्ष नाघेका महिला स्वास्थ्य स्वयंसेविकालाई सम्मानजनक विदाई गर्ने कार्यलाई निरन्तरता दिईने छ ।
- पुर्ण खोपको सुनिश्चितता गरिने छ, स्वास्थ्य बिमा कार्यक्रमलाई विस्तार गर्न आवश्यक कदम चालिने छ ।
- सुरक्षित मातृत्व सुनिश्चित गर्न शुन्य होम डेलिभरी अभियान संचालन गरिने छ ।
- स्वास्थ्य संस्थाहरुमा औषधीको अभाव हुन दिईने छैन, पर्याप्त जनशक्तिको व्यवस्था गरी जनताले सहज रुपमा स्वास्थ्य सेवा लिन सक्ने अवस्थाको सृजना गरिने छ ।
- स्वास्थ्य संस्थाहरुको समयमै मर्मत एवं स्तरोन्नति गर्दे लगिने छ ।
- धुम्रपान तथा मद्यपानलाई नियन्त्रण गर्न प्रचारात्मक तथा निरोधात्मक उपाय अवलम्बन गरिनेछ ।
- जनतामा स्वस्थ्य जीवनशैली, स्वास्थ्य चेतना तथा सकारात्मक सोच सहितको जीवनयापन गर्न प्रोत्साहित गरिनेछ ।
- आयुर्वेद सेवाको जनस्तरमा चेतना बढाई सेवा विस्तार र योग गुरु कार्यक्रम संचालन गरिनेछ ।
- वडा नं. १ को जोगिथुम र वडा नं. ४ को भारकोटमा पालिकाकै जनशक्ति प्रयोग गरि घुम्ती शिविर सञ्चालन गरिनेछ ।

**महिला तथा बालबालिका, अपांगता, जेष्ठ नागरिक र अन्य लक्षित वर्ग :**

- **हिंसामुक्त समाज : सुखी र सुसभ्य समाज** भन्ने मान्यताका साथ घरेलु हिंसामुक्त गाउँपालिका निर्माणका लागि अभियान संचालन गरिने छ ।
- गरीब तथा विपन्न, दलित, आदिवासी जनजाति, एकल तथा अपांगता भएका महिला, वञ्चितीमा परेका सबै समुदायका महिलाहरुको आयआर्जन, क्षमता विकास र सशक्तिकरण गर्ने गरी आर्थिक सामाजिक विकासका कार्यक्रम संचालन गरिने छ ।
- **महिलालाई व्यवसाय संचालन तथा आयमूलक कार्य गरी स्वरोजगार तथा उद्यमशीलता विकास गर्न सहुलियतपूर्ण ऋण तथा अनुदान विशेष कार्यक्रम संचालन गरिने छ ।**
- **बालबिवाहलाई निरुत्साहित बनाउन चेतनामुलक, निरोधात्मक र दण्डात्मक नीति अवलम्बन गरिने छ ।**
- समाजमा व्याप्त दाइजो, छुवाछुत जस्ता कुरीति र कुप्रथा अन्त्य गर्न सचेतनामुलक सामाजिक जागरण कार्यक्रम संचालन गरिने छ ।
- बालबालिकामाथि हुने शारीरिक, मानसिक दण्ड सजाय तथा यौनजन्य दुर्व्यवहार अन्त्य गर्न सचेतनामूलक कार्यक्रम संचालन गरिने छ ।
- बालअधिकार, बालमैत्री स्थानीय शासन र बाल संवेदनशीलता अभिवृद्धि सम्बन्धी सरोकारवाला निकायबिच अभिमूखीकरण तथा क्षमता अभिवृद्धि तालिम संचालन गरिने छ ।
- बालमैत्री स्थानीय शासनको आवश्यक पूर्वाधार ताथ बालअधिकार सम्बन्धी सूचकहरु पुरा गर्न आवश्यक स्रोत साधनको व्यवस्थापन गरिने छ ।

- बालक्लब, बाल समूह, किशोरकिशोरी समूह जस्ता संस्थाको गठन तथा संचालनलाई विस्तार गरिने छ ।
- अपाङ्गता भएका विशेष: बौद्धिक अपांगता भएका बालबालिकाहरुको उपचार सेवालाई प्राथमिकता दिदैं त्यस्तो सेवालाइ सहज र प्रभावकारी बनाईने छ ।
- जुनसुकै क्षेत्रमा कार्यरत बाल श्रमिकहरुको अनुगमन गरी बाल श्रमिकको उद्धार तथा पुर्नस्थापना गरिने छ ।
- **टुहुरा/असहाय र जोखिममा परेका बालवालिकाको उद्दार, पुनस्थापन र पुन:एकिकरणमा जोड दिईने छ ।**
- **गाउँपालिका क्षेत्र भित्र स्थायी रुपमा बसोवास गरिरहेका SEE उत्तिर्ण विपन्न परिवारका व्यक्तिहरु (प्रति वडा २ जना मा नबढ्ने गरी) लाई प्राविधिक शिक्षा (१५/१८ महिने) अध्ययनका लागि दिईदै आएको अध्ययन शुल्कमा छात्रबृत्ति लाई निरन्तरता दिईने छ ।**
- **महिला र अपाङ्गगता भएका नागरिकहरुलाई गाउँपालिमा लाग्ने दस्तुर तथा शुल्कमा ५० प्रतिशत छुट दिइनेछ ।**

- अपाङ्गता भएका व्यक्तिहरुको सामाजिक समावेशीकरण एवं सेवा प्राप्तीमा सहज पहुँचका लागि गाउँपालिका तथा वडाका सार्वजनिक, सरकारी कार्यालयहरुलाई क्रमश अपाङ्गमैत्री बनाउँदै लगिने छ ।
- अपाङ्गता भएका व्यक्तिहरुका लागि क्षमता विकास र रोजगारीका कार्यक्रमहरु संचालन गरिने छ ।
- अपाङ्गता भएका व्यक्ति प्रति गरिने विभिन्न प्रकारका विभेद र सबै प्रकारका हिंसा नियन्त्रण र निराकरण गरिने छ ।
- अपाङ्गता भएका व्यक्तिहरुलाई परिचयपत्र वितरणका लागि वडा वडामा घुम्ती शिविर संचालन गरिने छ ।
- जेष्ठ नागरिकहरुको ज्ञान, सिप र अनुभवलाई युवा पुस्तामा हस्तान्तरण गर्ने कार्यकम संचालन गरिनेछ ।
- जेष्ठ नागरिकहरुको सम्मान तथा पोषण कार्यकमलाई निरन्तरता दिइनेछ ।
- ८४ बर्ष पुगेका जेष्ठ नागरिकहरुलाई निजहरुको घरमै पुगि निरोगिता र दिर्घायुको कामना गर्दै सम्मान गर्ने, स्वास्थ्य परीक्षण गर्ने र उपचार गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

**खानेपानी :**

- खानेपानीका निर्माणाधिन आयोजनाहरुलाई आगामी वर्षभित्रै सम्पन्न गर्ने प्रयास गरिनेछ । पुराना आयोजनाहरुको मर्मत एवं पुनर्स्थापनालाई पनि संगसंगै लगिने छ ।
- **"एक घर एक धाराको"** नीतिलाई अवलम्वन गर्दै स्वच्छ खानेपानीमा सबैको पहुँच सुनिश्चित गरिने छ । मझौला लिफ्टिङ्ग खानेपानी योजनामा जोड दिईनेछ ।
- खानेपानी आयोजनाहरुको दीगोपनाको लागि सम्वन्धित उपभोक्ताहरुलाई मर्मत संभार तालिम प्रदान गरिने छ । विगतका तालिम प्राप्त पलम्बरको कामको समेत मुल्याङ्कन गरिनेछ ।
- पानीको मुहान दर्ता गर्ने प्रकृयालाई अगाडी बढाइनेछ ।

**सामाजिक सुरक्षाः**

- **"जेष्ठ नागरिक समाजका बोझ होइनन्, बरु अमूल्य सम्पत्ति हुन्"** भन्ने मान्यताका साथ जेष्ठ नागरिकले समाजमा पुऱ्याएको योगदानका आधारमा विशेष सम्मान र अभिनन्दनका कार्यक्रमहरु गरिने छ ।
- सामाजिक सुरक्षा भत्ता वितरणलाई आगामी वर्षदेखी पुर्ण अनलाइन बनाइनेछ , ज्येष्ठ नागरिक र पुर्ण अशक्त अपाङ्गता भएका व्यक्तिहरुलाई घरघरमै पुगेर भत्ता उपलब्ध गराइने छ ।
- जेष्ठ नागरिकहरुका लागि जेष्ठ नागरिक समाज, दिवा सेवा केन्द्र तथा डबलीको संचालन गरिने छ ।
- **स्वास्थ्य विमा कार्यक्रम लक्षित वर्गमा सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ** ।
- **अव**सरको समान उपभोग गर्नबाट वञ्चित दलित, लगायत अन्य अति विपन्न तथा पिछडिएका समुदायले अपनाई आएको परम्परागत पेशालाई आधुनिकीकरण गरी उनीहरुको रोजगारी, आयआर्जन तथा जीवनयापनमा सुधार ल्याउन विशेष कार्यक्रम संचालन गरिने छ ।

**खेलकुद :**

- निर्माणाधिन खेलकुद मैदानलाई स्तरउन्नोती गरी बाह्रै महिना खेलकुद गतिविधि संचालन गर्न लायक बनाईने छ । गा.पा.भित्रका अन्य खेलकुद मैदानहरुको समेत मर्मत र स्तरोन्नति गर्दै लगिने छ ।
- खेलकुद क्षेत्रको विकासका लागि गा.पा. स्तरीय खेलकुद प्रतियोगिताहरु आयोजना गरिने छ ।
- गा.पा.भित्रका प्रतिभावान खेलाडीहरुलाई सम्मान, पुरस्कृत र प्रोत्साहित गर्ने नीति लिईने छ ।

**धर्म संस्कृति**

- स्थानीय भाषा, धर्म, कला संस्कृतिको संरक्षणका लागि सरोकारवालासँगको सहकार्यमा प्रवर्द्धनात्मक क्रियाकलापहरु संचालन गरिने छ ।
- गाउँपालिकाभित्रका आदिवासी जनजाति लगायत लोपोन्मुख जातिका भाषा, धर्म तथा संस्कृति संरक्षणका लागिस्थानीय कला संस्कृतिलाई आर्थिक उत्पादनसँग जोड्ने गरी आवश्यक कार्यक्रम संचालन गरिने छ ।

**३. वातावरण तथा विपद् व्यवस्थापन :**

- **यस रिब्दीकोट गाउँपालिका भित्र जलेश्वर मन्दिर परिसरमा जडीवुटी उद्यानलाई व्यवस्थित गरिने छ भने सोही स्थानमा फलफूल, लगायत अन्य विरुवाको उत्पादन विस्तारका लागि नर्सरीको समेत स्थापना गरिने छ ।**
- टिमुर, तेजपात, अम्रिसो, किवी, दाते ओखर, एभोकाडो, कुरिलो खेतीलाई **पकेट क्षेत्र** तोकी विस्तार गरिने छ, जडिबुटी तथा सुगन्धित वनस्पतिको व्यवसायिक खेतीलाई प्रोत्साहित गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र विरुवा उत्पादन, र नीजि तथा सामुदायिक वनमा अन्य खाली तथा वाँझो जग्गामा ब्यापक वृक्षारोपण कार्यलाई **प्रधानमन्त्री रोजगार कार्यक्रममा समावेश गरी** वन तथा पशुजन्य उत्पादन तथा उत्पादकत्व वढाउने कार्य गरिने छ । आवश्यकता अनुसार सरोकारवाला कार्यालय तथा संघसंस्थाहरुसँग समन्वय गरिने छ।
- जलवायू परिवर्तनका कारण सिर्जित असरहरुलाई न्यूनिकरण गर्न तथा पानीका मूहानहरु संरक्षण गर्न **एक वडा बहु पोखरी** निर्माण गर्ने कार्यलाई निरन्तरता दिईने छ ।
- सार्वजानिक जग्गाहरुको उचित संरक्षण गर्न वडा कार्यालय मार्फत लगत संकलन गरी त्यस्ता जग्गाको उचित संरक्षण गरिने छ । खाली जग्गामा वृक्षारोपण गर्ने कार्यलाई पनि तिब्रता दिईने छ ।
- सवारी साधनबाट **सडकमा कुनै किसिमको फोहर फाल्न प्रतिबन्ध** गरी सुरक्षा निकायसँगको सहकार्यमा कडाइका साथ पालना गराईने छ ।

- प्लाष्टिकजन्य पदार्थहरुको उपयोगलाई निरुत्साहित गरिनेछ । वातावरणीय प्रदुषण कम हुने वस्तुहरुको प्रयोग गर्न प्रेरित गर्दै गाउँपालिकाभित्र उपयुक्त स्थानको पहिचान गरी **फोहोरमैला प्रशोधन केन्द्र निर्माण गर्न सम्भाव्यता अध्ययन** गरिनेछ ।
- जैविक विविधताको संरक्षण र संवर्द्धनमा विशेष जोड दिइनेछ । वनविनास, डढेलो नियन्त्रणका लागि वन कार्यालय तथा समुदायसँग समेत सहकार्य गरिनेछ ।
- **विपद् व्यवस्थापन कोषलाई बढाउँदै लगिनेछ । साथै सो कोषको रकम दैवी प्रकोप तथा विपद् व्यवस्थापन, उद्धारमा कार्यविधि र मापदण्डका आधारमा न्यायोचित तरिकाले खर्च गरिने छ ।**
- पूर्ण सरसफाईयुक्त गाउँपालिका बनाउनका लागि पुर्णसरसफाई अभियान निरन्तर गरिने छ र वडाहरुलाई क्रमश **पूर्ण सरसफाई युक्त वडा घोषणा गर्ने नीति अबलम्बन गरिनेछ ।**
- गाउपालिका भित्र रहेका पानीको मुल संरक्षण तथा जलाधार संरक्षणका लागि मुल भएको क्षेत्र वरिपरि वृक्षारोपण गर्ने कार्यलाई व्यापक बनाईनेछ । नदी तथा खहरे र भु-संरक्षणलाई प्राथमिकता दिईने छ ।
- गुठी जग्गाको सदुपयोग गरी उत्पादन बढाउने कार्यमा जोड दिइनेछ ।
- गाउँपालिकाका भित्रका विभिन्न प्रकारका गुठीहरुको लगत/तथ्यांक संकलन गरी गुठीहरुको संरक्षण गरिनेछ ।
- प्रदेश सरकारको नीति अनुरुप गुठीसँग सम्बन्धित मठमन्दिरहरुको व्यवस्थापन गर्दै जाने र पुस्तौदेखि भोगचलन गर्दै आएका गुठी जग्गावालाहरुको आवश्यकता र औचित्यता हेरी त्यस्ता जग्गाहरुलाई रैकर गर्दै लैजान आवश्यक पहल गरिनेछ ।

## ४. पूर्वाधार विकास :

### सडक :

- वर्षायाममा पहिरोका साथै अन्य अवरोधका कारण वाटो अवरुद्ध हुन नदिन आवश्यक व्यवस्था गरी सडक सुचारु हुने व्यवस्था मिलाईने छ ।
- पुराना सडकहरुको स्तरोन्नतिलाई विशेष जोड दिई क्रमागत सडकलाई पुरा गर्ने र आवश्यकता र औचित्यताका आधारमा मात्र नयाँ ट्र्याक निर्माण गरिनेछ ।
- निर्माणधिन झोलुङ्गे पुलहरुलाई सम्पन्न गरिनेछ भने अत्यावश्यक ठाउँमा झोलुंगे पुलको निर्माणका लागि पहल गरिनेछ ।
- भुकम्प पछिको पुनर्निमाणलाई छिटो टुङ्ग्याउन सहजीकरण गरिने छ ।
- सडक गुरुयोजना तयार गरी सोही वमोजिम सडक निर्माण कार्य अगाडि वढाईने छ ।
- गाउँपालिका क्षेत्रका सडकहरुको नियमित मर्मत, आवधिक मर्मत र स्तरोन्नती गरिनेछ ।
- **गाउँपालिकाका सबै वडालाई गाउँपालिकाको केन्द्रसंग बाह्रै महिना संचालन हुने गरी स्तरोन्नति र आवश्यकता र औचित्यका आधारमा ससाना टुक्रा ढलान तथा कालोपत्रे गर्ने नीति लिइनेछ ।**
- साघुँरा सडकलाई खुल्ला र फाराकिलो वनाई दिर्घकालीन सडक सबलीकरण गर्ने तथा सडकको मापदण्ड पालना गराईने छ ।
- **रिब्दीकोट गाउँपालिकाको Hill Ringroad का बाँकी अंशहरु पुरा गरी स्तरोन्नत्तिमा जोड दिईनेछ ।**
- **ख्याहा-अर्गली, फेक- आर्यफान जुठासम्म सडक विस्तार गर्न छिमेकी स्थानीय तहसँग सहकार्य गरी कार्य अघि बढाइने छ।**
- सडक निर्माण गर्दा अनिवार्य रुपमा नाली सहितको सडक निर्माण गर्ने कार्यमा जोड दिइनेछ ।
- सडक नजिक संचरना निर्माण गर्दा तोकिए बमोजिमको खाली ठाउँ अनिवार्य छोड्नुपर्ने व्यवस्था मिलाइनेछ ।

**विद्युत :**

- गाउँपालिकाभित्र काठका पोलरहित विद्युतीकरणको व्यवस्था मिलाईनेछ, कम क्षमताको ट्रान्सफर्मरका कारण विद्युतीय उतारचढावलाई न्यूनिकरण गर्न क्षमतायुक्त ट्रान्सफर्मर जोडी बारम्बार विद्युत कटौती तथा कम आपुर्ति हुने समस्यालाई क्रमश समाधान गरिनेछ ।
- **उज्यालो रिब्दीकोट कार्यक्रम र सौर्य उर्जाको विस्तारलाई** आगामी वर्ष पनि निरन्तरता दिइने छ ।
- वायु उर्जा, पोल्ट्रिक सेट वा साना खालका जलविद्युतहरुको सम्भाव्यता अध्ययन, अन्य निकायहरुसँग साझेदारी, संस्थापक शेयरका रुपमा लगानी गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

**सिंचाई :**

- साना सिंचाई आयोजनाहरुलाई कार्यन्वयन गर्दै सिंचाई प्रणालीको मर्मत संभार र नयाँ प्रविधिमा आधारित सिंचाई आयोजनाको कार्यन्वयनमा जोड दिईने छ । साथै मझौला र ठुला सिंचाई योजनाको हकमा सिंचाई डिभिजन कार्यालय र केन्द्रमा अनुरोध गरिने छ ।
- सिंचाई सुविधा नपुगेका खेती योग्य जमिनमा सिंचाईको प्रबन्ध गरिनेछ ।
- कृषि जन्य वस्तुहरुको उत्पादन र उत्पादकत्व वृद्धि गर्न थोपा सिँचाई प्रणालीलाई विस्तार गरिनेछ ।

**भौतिक पूर्वाधार तथा संरचना निर्माणः**

- **वडा कार्यालयहरुलाई क्रमश भौतिक पुर्वाधारमा सुविधा सम्पन्न गराई सेवाप्रवाहलाई चुस्त बनाईने छ ।**
- **जलेश्वर मन्दिर परिसरमा शिवमुर्ति निमार्ण, भैरवस्थान-भारकोट -डुम्रे सडक स्तरउन्नोती जस्ता महत्वपुर्ण विकास आयोजना दिइनेछ ।**
- भुकम्प प्रतिरोधात्मक घर निर्माण कार्यका लागि नक्सा पास कार्यलाई अनिवार्य बनाईनेछ ।

**सञ्चार तथा सूचना प्रविधि :**

- जनताको सू-सूचित हुन पाउने हकको प्रत्याभूति गर्न कार्यालयबाट सम्पादित कार्यहरुको गाउँपालिकाको website, facebook, twitter, Mobile Apps, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, गाउँपालिका दर्पण प्रकाशन लगायतका माध्यमबाट सार्वजनिक गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- रेडियो, पत्रपत्रीका, टेलिभिजन मार्फत गाउँपालिकका सवै सूचना प्रसारणका लागि स्थानीय मिडियाहरुसँग सहकार्य गर्दै पाक्षिक रुपमा गाउँपालिकाका गतिविधि समेटिएको कार्यक्रम निरन्तर प्रसारण गर्ने व्यवस्था मिलाईनेछ ।
- लोककल्याणकारी, सूचनामूलक रअन्य विज्ञापनहरुको प्रकाशनमा स्थानिय पत्रपत्रिका तथा रेडियोहरुलाई समानुपातिक रुपमा उपयोगमा गर्ने नीति लिईनेछ ।
- **सवै वडा कार्यालयहरुलाई सुचना प्रविधिमैत्री वनाई सेवा प्रवाहमा FACELESS र PAPERLESS प्रणाली अपनाई सेवाको लागत घटाइनेछ । सबै वडामा इन्टरनेट र ब्याकअपको सुनिश्चितता गरिनेछ ।**
- **E-Attendance प्रणालीलाई वडा कार्यालय, स्वास्थ्य चौकी र विद्यालयहरुमा समेत विस्तार गरिनेछ ।**
- **योजना, जिन्सी व्यवस्थापन, लेखा तथा कर प्रणालीलाई सफ्टवेयरमा आधारित बनाइनेछ ।**

## ५. सार्वजानिक सेवा, क्षमता विकास :

- सवै वडा कार्यालयहरुमा पर्याप्त कर्मचारीहरुको व्यवस्था गरी सेवाप्रवाहलाई जनताले महसुस गर्ने गरी चुस्त, छिटोछरितो र प्रभावकारी बनाइनेछ ।
- गाउँपालिकाको आवधिक योजना बमोजिम योजनाबद्ध विकासमा जोड दिइनेछ ।
- गाउँपालिका तथा वडा कार्यालयहरुलाई प्रविधिमैत्री बनाउँदै सबैले देख्न र बुझ्न सक्ने गरी डिजिटल नागरिक वडापत्र कार्यान्वयनमा ल्याई सेवाप्रवाहलाई प्रभावकारी बनाईनेछ ।
- योजना कार्यान्वयनलाई प्रभावकारी बनाउन उपभोक्ता समितिलाई तालिमको व्यवस्था गरिनेछ । कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता विकासका लागि आवश्यकता अनुसार क्षमता विकास तालिम, अवलोकन भ्रमण, तलबी पर्यटन बिदा काज आदिको व्यवस्था गरिनेछ ।

## ६. वित्तिय व्यवस्थापन र सुशासन

### १. राजश्व परिचालन :

- **“हाम्रो कर : हाम्रै विकास”भन्ने अभियान संचालन गरी कर तिर्न प्रोत्साहन गर्दै सबैलाई करको दायरामा ल्याईनेछ ।**
- **राजस्व सम्भाव्यता अध्ययन गरी करका दर तथा दायरा पुनरावलोकन गरिनेछ । कर प्रणालीलाई बैज्ञानिक, बस्तुनिष्ठ र व्यवहारिक बनाईनेछ ।**
- समयमा कर तिर्ने बानीको विकास गर्न प्रवर्द्धनात्मक कार्यक्रम संचालन गर्ने र समयमा कर नतिर्ने प्रवृतिलाई निरुत्साहितगरिनेछ ।
- सम्पत्ति कर व्यवस्थापनलाई बैज्ञानिक, व्यवस्थित र प्रभावकारी बनाईने छ साथै अन्य कर प्रणालीलाई पनि थप व्यवस्थित बनाईने छ ।
- पालिका भित्रका ढुंगा खानीहरुलाई व्यवस्थित गरि करको दायरामा ल्याइनेछ ।
- वन समूह संग अन्तरक्रिया कार्यक्रम गरि वनको उपयोग संरक्षण तथा त्यसबाट प्राप्त हुने आम्दानीमा गाउँपालिकाको समेत साझेदारी रहने व्यवस्था मिलाइनेछ ।.

### २. वित्तिय अनुशासन र सुशासन :

- **मितव्ययिता र पारदर्शितालाई मूलमन्त्र** बनाउँदै वित्तीय अनुशासन र आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्त र पारदर्शी बनाईनेछ ।
- अत्यावश्यक र उपलब्धिमुलक तालिम, गोष्ठी, कार्यक्रमहरु मात्र संचालन गर्ने र त्यस्ता कार्यक्रमहरु संचालन गर्दा **मितव्ययिता अपाउने नीतिलाई** निरन्तरता दिईने छ ।
- सुशासन प्रबर्द्धन गर्न उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीहरुलाई निजामती सेवा दिवसका दिन पुरस्कृत गर्ने परिपाटीलाई निरन्तरता दिइनेछ ।
- सार्वजनिक खरीद ऐन, नियमावली तथा आर्थिक ऐनको अधिनमा रही आर्थिक क्रियाकलाप संचालन गर्ने र पुँजीगत बजेट खर्चमा देखिँदै आएको समस्यालाई अन्त्य गर्दै पुँजीगत खर्चको गुणस्तर वृद्धि गर्न **समयमै सम्झौता र भुक्तानी**को नीति अंगीकार गरी कडाईका साथ कार्यान्वयन गरिनेछ ।
- **म भ्रष्टाचार गर्दिन, म भ्रष्टाचार हुन दिन्न, म देश र जनताका लागि इमान्दार भएर काम गर्ने प्रतिज्ञा गर्दछु** भन्ने प्रतिवद्धतालाई पूर्ण कार्यान्वयन गरिनेछ । योजना कार्यान्वयन तथा सेवाप्रवाहमा सदाचारको नीति लिइनेछ ।
- लैंगिक उत्तरदायी वजेट निर्माणमा जोड दिईने छ ।

**गाउँसभा सदस्य ज्युहरु,**

**गुणस्तरीय आर्थिक, सामाजिक, पुर्वाधार विकासको माध्यमद्धारा समृद्ध रिब्दीकोट निर्माण** गर्ने गाउँपालिकाको लक्ष्यलाई नीति तथा कार्यक्रम मार्फत समेट्ने प्रयास गरिएको छ । प्रस्तुत नीति तथा कार्यक्रमलाई बजेट तर्जुमाका आधार मानी सोही अनुरुप बजेट विनियोजन गर्ने यथासम्भव प्रयास गरिने छ । समृद्ध रिब्दीकोट निर्माण गर्ने हाम्रो अभियानमा प्रस्तुत नीति तथा कार्यक्रमहरु महत्वपूर्ण मार्गदर्शक सिद्धान्तका रुपमा रहनेछन् भन्ने विश्वास लिएको छु ।

प्रस्तावित नीति तथा कार्यक्रमहरु तय गर्दा संघीय सरकार तथा प्रदेश सरकारको नीति, गाउँपालिकाको विद्यमान अवस्था र आवश्यकता, गाउँपालिकाभित्रका विभिन्न राजनीतिक दलका प्रतिनिधिहरु, विभिन्न सामाजिक संघसस्था, नागरिक समाज लगायत आम जनसमुदायवाट उपलब्ध अमूल्य सुझाव सल्लाहहरुलाई यथासम्भव समेट्ने प्रयास गरिएको छ । समृद्ध रिब्दीकोट निर्माण गर्ने अभियानमा अमूल्य सुझाव सल्लाह प्रदान गर्नुहुने, राजनीतिक दलका प्रतिनिधिहरु, सामाजिक, निजी तथा गैरसरकारी संघसंस्था,सामाजिक अगुवाहरु, नागरिक समाज लगायत सम्पूर्ण रिब्दीकोट गाउँपालिकावासीलाई विशेष धन्यवाद एवं आभार प्रकट गर्दै गाउँपालिकाको वृहत्तर हित र समृद्धिका लागि यहाँहरुको साथ, सहयोग र सहकार्य निरन्तर रहि रहने अपेक्षासमेत गर्दछु ।

धन्यवाद